# सुदूरपश्चिम प्रदेश पशु विकास तथा पशु स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : सुदूरपश्चिम प्रदेशको अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याई पशु स्वास्थ्य, भेटेरिनरी, जनस्वास्थ्य एवम् पशु कल्याण सुनिश्चित गर्दै पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको स्वच्छ र स्वस्थ विधिबाट उत्पादन, प्रशोधन र वितरण प्रणालीलाई प्रभावकारी बनाई कृषक एवम् सर्वसाधरण जनताको सुविधा तथा आर्थिक हित प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेशको पशु विकास तथा पशु स्वास्थ्य सेवा ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **"ओसार पसार"** भन्नाले प्रदेशभित्र र एक प्रदेशबाट अर्को प्रदेशमा पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री ल्याउने, लैजाने कार्य सम्झनु पर्छ ।

(ख) **"कार्यालय प्रमुख"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा तोकिएको अन्य कार्यालयको प्रमुख भई काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) **"जैविक पदार्थ (वायोलोजिकल्स)"** भन्नाले पशु विकास वा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधि, खोप लगायत प्रशोधित र अप्रशोधित जैविक तत्व सम्झनु पर्छ ।

(घ) **"पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृत"** भन्नाले दफा ४ बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) **"निर्देशनालय"** भन्नाले सुदूरपश्चिम प्रदेश सरकारको सम्बन्धित मन्त्रालय अन्तर्गतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(छ) **"पशु"** भन्नाले मानिस बाहेक सम्पूर्ण घरपालुवा र जङ्गली जीवित जनावर सम्झनु पर्छ र सो शब्दले पन्छी र माछा समेतलाई जनाउँछ ।

तर मासु जाँच व्यवस्थापनका सन्दर्भमा गाई, गोरु र प्रचलित कानुनले बध गर्न बन्देज गरेका पशु बाहेकको जनावर समेतलाई सम्झनु पर्छ ।

(ज) **"पशुजन्य पदार्थ"** भन्नाले पशुको मासु, रगत, सिरम, बोसो, पित्त, दूध, फुल, हाड, छाला, सिङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रुण, वीर्य, ग्रन्थी, गिदि, र्‍याल, सिगांन, भेनम, मल, मुत्र वा सोबाट बनाइएको अप्रशोधित वा अर्धप्रशोधित वस्तु सम्झनु पर्छ ।

(झ) **"पशु उत्पादन सामग्री"** भन्नाले पशु उत्पादनको लागि पशु आहारामा प्रयोग हुने घाँसपात र बीउबेर्ना, माछाको ह्याचलिङ्ग, दानाको कच्चा पदार्थ, पशु स्वास्थ्य, पशु प्रजन तथा कृत्रिम गर्भाधान जैविक पदार्थ र यसको उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री सम्झनु पर्छ र सो शब्दले सो प्रयोजनमा प्रयोग हुने यन्त्र उपकरण समेतलाई जनाउँछ ।

(ञ) **"पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्र"** भन्नाले दफा ३ बमोजिम प्रदेश सरकारले प्रदेशको उपयुक्त स्थानमा स्थायी वा अस्थायी रुपमा स्थापना गरेको पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्र सम्झनु पर्छ ।

(ट) **"मन्त्रालय"** भन्नाले प्रदेशको पशु विकास तथा पशु स्वास्थ्य सेवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ठ) **"भेटेरिनरी सेवा"** भन्नाले पशु स्वास्थ्य, भेटेरिनरी जनस्वास्थ्य तथा पशु कल्याण सम्बन्धी विशिष्टीकृत कार्य सम्झनु पर्छ ।

(ड) **"संघीय ऐन"** भन्नाले यस ऐनको प्रयोजनका लागि नेपाल सरकारको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्छ ।

## परिच्छेद–२

## पशु रोग अन्वेषण, रोगथाम, पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्र सम्बन्धी व्यवस्था

३. पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रको स्थापना : (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशको उपयुक्त स्थानमा पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्र स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको स्थानमा पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रको कार्य विवरण मन्त्रालयले निर्माण गर्न गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रको निर्माण गर्दा स्थानीय तहसँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रको निर्माण गर्दा पालन गर्नु पर्ने शर्त तथा अपनाउनु पर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४. पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतको नियुक्ति : (१) दफा ३ बमोजिमको पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रको प्रमुखको रुपमा काम गर्ने गरी पशु चिकित्सा विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित सेवामा कार्यरत कर्मचारीलाई पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतको जिम्मेवारी दिइनेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारीको व्यवस्था हुन नसकेमा संक्रामक रोग तथा महामारी नियन्त्रण गर्ने वा विशेष अभियान सञ्चालन गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम करार सेवामा पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतको व्यवस्था गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतलाई सहयोग गर्न सहायक कर्मचारीको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) र (२) बमोजिम नियुक्त भएको पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५. **<u>पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रमा अभिलेख राख्नु पर्ने</u>** : (१) पैठारीकर्ता र पशु ओसारपसारकर्ताले पैठारी गरेका वा प्रदेशमा भित्र्याएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई अनिवार्य रुपमा पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रमा परीक्षण गराई पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतले सोको अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रमा राखिएका पशुको लागि आवश्यक पर्ने दाना, पानी र अन्य आवश्यक व्यवस्था सम्बन्धित पैठारीकर्ता वा पशु ओसारपसारकर्ताले तोकिए बमोजिम गर्नु पर्नेछ ।

(३) पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रमा राखिएको पशु परीक्षण अवधि भित्रै मरेमा पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतले त्यस्तो मरेको पशु परीक्षण गरी सुरक्षित रुपमा व्यवस्थापन गर्न पैठारीकर्ता वा पशु ओसारपसारकर्तालाई आदेश दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रमा राखिएको पशु मरेमा पैठारीकर्ता वा पशु ओसारपसारकर्ताले कुनै प्रकारको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

(५) पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परीक्षण गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–३
## <u>पशु बधशाला र मासु जाँच सम्बन्धी व्यवस्था</u>

६. **<u>पशु वधशालाको स्थापना</u>** : (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशको कुनै क्षेत्रमा पशु वधशाला स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तह, गैर सरकारी वा निजी क्षेत्रले समेत पशु वधशाला स्थापना गर्न प्रदेश सरकारले संघीय कानुन बमोजिम इजाजत दिन सक्नेछ ।

७. **<u>मासु निरीक्षकको नियुक्ति</u>** : (१) प्रदेश सरकारले पशु र मासु जाँच गर्नको लागि पशु चिकित्सा विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको व्यक्तिलाई मासु निरीक्षकको पदमा नियुक्ति गर्न वा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त मासु निरीक्षकको काम, कर्तव्य र अधिकार पशु वधशाला र मासु जाँच ऐनले तोकेको काम, कर्तव्य तथा अधिकारको अतिरिक्त अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. **<u>मासु सुपरीवेक्षक तोक्न सक्ने</u>** : पशु वधशाला व्यवस्थापन र मासु निरीक्षकको कामको सुपरीवेक्षण गर्न पशु चिकित्सा विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको कुनै कर्मचारीलाई प्रदेश सरकारले मासु सुपरीवेक्षक तोक्न सक्नेछ ।

९.  **<u>बधस्थल सञ्चालन गर्न सक्ने</u>** : पशु वधशाला स्थापना नभएको क्षेत्रमा मासु सुपरीवेक्षकले तोकेको स्थानमा वधस्थल सञ्चालन गर्न निजी क्षेत्र वा स्थानीय तहलाई प्रदेश सरकारले तोकिए बमोजिम इजाजत दिन सक्नेछ ।

१०.  **<u>पशु वधशाला र मासु जाँच सम्बन्धी अन्य व्यवस्था</u>** : पशु वधशाला र मासु जाँच ऐन, २०५५ बमोजिमका अतिरिक्त पशु बधशाला र मासु जाँच सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –४

## <u>भेटेरिनरी प्रयोगशाला, भेटेरिनरी सेवा संचालन, पशु रोग रोकथाम, नियन्त्रण, उन्मूलन र भेटेरिनरी औषधि नियमन सम्बन्धी व्यवस्था</u>

११.  **<u>भेटेरिनरी प्रयोगशालाको व्यवस्था</u>** : (१) पशु रोगको निदान गर्न प्रदेश सरकारले प्रदेशको कुनै पनि स्थानमा प्रादेशिक भेटेरिनरी प्रयोगशालाको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न अन्य उपलब्ध प्रयोगशालासँग सहकार्यका लागि सम्झौता गर्न सकिनेछ ।

(३) उपदफा (१) को व्यवस्था बाहेक निजी क्षेत्रले समेत प्रदेशभित्र अनुमति लिएर भेटेरिनरी प्रयोगशालाको स्थापना गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम स्थापना हुने भेटेरिनरी प्रयोगशाला सम्बन्धी मापदण्ड तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२.  **<u>भेटेरिनरी सेवा सञ्चालन गर्न अनुमति लिनु पर्ने</u>** : (१) निजी वा गैर सरकारी तवरबाट भेटेरिनरी सेवा सञ्चालन गर्न, अध्ययन वा अनुसन्धान गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्रदान गर्दा अनुमति प्राप्त व्यक्ति वा संस्थाले पालन गर्नु पर्ने शर्त समेत तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमति प्रदान गर्ने तथा उपदफा (२) बमोजिम तोकिने शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३.  **<u>भेटेरिनरी निरीक्षकको नियुक्ति</u>** : (१) मन्त्रालयले पशु, पशुजन्य जैविक पदार्थ वा पशु उत्पादन सामग्री र प्याथोलोजिकल पदार्थको गुणस्तर निर्धारित मापदण्ड अनुसार भए नभएको जाँच गर्न आवश्यक स्थान र संस्थामा भेटेरिनरी विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको अधिकृत कर्मचारीलाई भेटेरिनरी निरीक्षक तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका भेटेरिनरी निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१४.  **<u>निरीक्षण, परीक्षण र उपचार दस्तुर</u>** : भेटेरिनरी निरीक्षक वा दर्तावाला पशु चिकित्सकले निरीक्षण, परीक्षण, उपचार गर्दा वा प्रमाणपत्र जारी गर्दा लाग्ने दस्तुर प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **भेटेरिनरी औषधि नियमन** : (१) प्रदेशभित्र पशु रोगको उपचारको लागि प्रयोग हुने औषधिहरू तथा पशु उत्पादनमा प्रयोग गरिने फिड सप्लिमेन्टको उत्पादन, बिक्री वितरण तथा गुणस्तर सम्बन्धी नियमन संघीय ऐनका अतिरिक्त तोकिए बमोजिम हुनेछ ।

(२) पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृतले प्रदेशभित्र सञ्चालित भेटेरिनरी औषधि उत्पादनकर्ता कम्पनी, भेटेरिनरी औषधि पसल, खोप र अन्य जैविक पदार्थ भण्डारण स्थल जुनसुकै बेला जाँच गर्न सक्नेछ ।

(३) भेटेरिनरी प्राविधिकले पशु उपचार सेवा प्रदान गर्नका लागि प्रदेश सरकारले तोकेको निकायबाट पशु उपचार अनुमतिपत्र लिनु पर्नेछ ।

(४) भेटेरिनरी प्राविधिकले पशु चिकित्सा व्यवसाय संचालन गर्दा दर्ता गर्नु पर्नेछ ।

१६. **पशुरोग संक्रमणग्रस्त क्षेत्र घोषणा गर्न सकिने** : (१) संक्रामक वा महामारीजन्य पशुरोग कुनै स्थान वा क्षेत्रमा फैलिएको प्रयोगशाला परीक्षणबाट पुष्टी भएमा रोगलाई श्रोत विन्दुमा नै नियन्त्रण गर्न र अन्यत्र फैलिन नदिन मन्त्रालयले चार किल्ला तोकी सार्वजनिक सूचना जारी गरी त्यस्तो स्थान वा क्षेत्रलाई संक्रमणग्रस्थ क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पशुरोग संक्रमणग्रस्त क्षेत्रमा पशु, पशुजन्यपदार्थ, पशु उत्पादन सामग्री वा रोग सार्न सक्ने अन्य सामग्री अन्यत्र लैजान वा ओसारपसार गर्न, बिक्री वितरण गर्न मन्त्रालयले सार्वजनिक सूचना जारी गरी बन्देज लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम पशुरोग संक्रमणग्रस्त क्षेत्र घोषणा गर्ने, बन्देज लगाउने र फुकुवा गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१७. **पशु रोग रोकथाम, नियन्त्रण र उन्मूलन** : पशुको संक्रामक तथा महामारीजन्य रोगको संक्रमण फैलिन नदिन प्रदेश सरकारले आवश्यकता अनुसार चारकिल्ला तोकी निश्चित समयका लागि रोगको सम्भावना भएका पशु तथा पशुपंक्षीजन्य पदार्थको रोकथाम, नियन्त्रण र अन्त्यका लागि पशु रोग सम्बन्धी आकस्मिक पशुरोग योजना (एनिमल डिजिज कन्टिजेन्सी प्लान) तयार गर्नु पर्नेछ ।

१८. **रोगमुक्त क्षेत्र घोषणा, विस्तार तथा निरन्तरता** : (१) पशु र पशुजन्य पदार्थको आन्तरिक ओसारपसार, अन्तराष्ट्रिय व्यापार प्रवर्द्धन एवम् संक्रामक रोगको क्रमिक उन्मूलन गर्ने उद्देश्यले विभिन्न रोग बिरुद्ध नियमित खोप लगाई रोग मुक्त भएका क्षेत्रलाई क्रमिक बिस्तार गर्दै निरन्तरता दिन प्रदेश सरकारले संघीय सरकार र स्थानीयतहसँग समन्वय गरी पशु रोगमुक्त क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) रोगमुक्त क्षेत्र घोषणा गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) पशु रोग रोकथाम, नियन्त्रण र उन्मूलनका लागि प्रदेश सरकारले संघ र स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

१९. **रोग सूचना प्रणालीको विकास र रिपोर्टिङ्ग गर्नुपर्ने** : (१) प्रदेश सरकारले प्रदेशभित्र रहेका पशु रोग सम्बन्धी रोग सूचना प्रणालीको विकास गर्नु पर्नेछ ।

(२) प्रदेशभित्रका स्थानीय तहले तोकिए बमोजिमको ढाँचामा नियमित रुपमा प्रदेश सरकारले तोकेको निकायमा पशु रोगको रिपोर्टिङ्ग गर्नु पर्नेछ ।

(३) मन्त्रालयले तोकेको निकायले संघीय सरकारले तोकेको निकाय र ढाँचामा नियमित रुपमा पशु रोगको रिपोर्टिङ्ग गर्नु पर्नेछ ।

२०. **पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको उत्पत्ति र पशुको पहिचान सम्बन्धी व्यवस्था** : (१) प्रदेशमा पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको ओसारपसार गर्दा सो को उत्पत्ति वा उत्पादन हुने स्थान सम्बन्धी प्रमाणपत्र सम्बन्धित स्थानीय तहले तोकिएको ढाँचामा उपलब्ध गराउनु पर्नेछ ।

(२) पशुजाँच तथा तथ्याङ्क संकलन अधिकृत वा कार्यालय प्रमुखले यस सम्बन्धी नियमित अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(३) पशु पञ्जिकरण तथा पशु पहिचान सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई आवश्यक सहयोग गर्न सक्नेछ ।

(५) स्थानीय तहले पशुको तथ्याङ्क तोकिए बमोजिम मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

२१. **संक्रामक रोगको नियन्त्रण** : (१) मन्त्रालयले संक्रामक रोग नियन्त्रण गर्न प्रदेशमा "प्रादेशिक संक्रामक रोग नियन्त्रण प्राविधिक समिति" र स्थानीय तहमा "स्थानीय संक्रामक रोग नियन्त्रण प्राविधिक समिति" गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२२. **औषधि व्यवस्थापन** : प्रदेशस्तरमा पशु रोगको रोकथाम, उपचार तथा फिडसप्लिमेन्टको रुपमा प्रयोग गरिने औषधि तथा सोही प्रकृतिका अन्य औषधि तथा फिडसप्लिमेन्टको बिक्री वितरण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -५

## पशु पालन, पशु कल्याण, पशु फार्म, उद्योग सम्बन्धी व्यवस्था तथा लोपोन्मुख पशु र आनुवांशिक स्रोत संरक्षण

२३. **नश्ल सुधार तथा उत्पादन सम्बन्धी व्यवस्था** : (१) प्रदेश सरकारले सूचना प्रकाशन गरी प्रदेशमा रैंथाने जातका पशुको वंश लोप हुनबाट बचाउन स्वजातीय प्रजननलाई बढावा दिन निश्चित क्षेत्र तोकी बाह्य प्रजनन् रोक्न आदेश दिन सक्नेछ ।

तर परम्परादेखि चलिआएको पूजाआजा वा धार्मिक अनुष्ठानका लागि नभई नहुने खसी नपारेको भाले पशु पाल्नु पर्ने भएमा त्यस्तो पशुलाई गर्भाधान गर्न नसक्ने गरी अलग्गै राख्न उपदफा (१) मा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम तोकिएको जात बाहेक अन्य भाले जातको पशु पालेको पाइएमा कार्यालय प्रमुख वा तोकिएको अधिकृतले सम्बन्धित व्यक्तिलाई त्यस्तो भाले पशुलाई तत्कालै खसी पार्ने आदेश दिन सक्नेछ ।

२४. **रैंथाने पशुको संरक्षण** : स्थानीय स्तरमा रहेका रैथाने पशुको उचित व्यवस्थापन, स्याहार सुसार र संरक्षण तोकिए बमोजिम हुनेछ ।

२५. **घाँसे बाली, चरन तथा खर्क विकास** : (१) रैथाने घाँसे बालीको संरक्षण र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) चरन तथा खर्क विकासका कार्यक्रमहरु स्थानीयस्तर वा समुदायस्तरमा खर्क उपभोक्ताको समूह वा समिति मार्फत गरिनेछ ।

(३) उपदफा (२) बमोजिम गठन हुने खर्क उपभोक्ता समूह वा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२६. **<u>पशु फार्म तथा उद्योग दर्ता र स्थापना गर्न सिफारिस लिनु पर्ने</u>** : (१) व्यवसायिक पशु फार्म तथा पशुजन्य उद्योग स्थापना र दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले मन्त्रालयले तोकेको मापदण्ड बमोजिम सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उद्योग स्थापना तथा दर्ता प्रचलित कानून बमोजिम हुनेछ ।

२७. **<u>अनुमतिपत्र लिनु पर्ने</u>** : (१) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री बिक्री वितरण गर्न चाहने व्यक्तिले तोकिएको निकायबाट तोकिएको दस्तुर तिरी अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री वितरण गरिने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको गुणस्तर तथा मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ ।

२८. **<u>पशु श्रोत केन्द्र स्थापना गर्ने सम्बन्धी व्यवस्था</u>** : (१) प्रदेश सरकारले पशुको जैविक विविधता संरक्षण गर्न तथा उन्नत जातका पशुहरूको माग आपूर्ति गर्न उपयुक्त स्थानमा पशु आनुवांशिक श्रोतकेन्द्र स्थापना गर्न सक्नेछ ।

(२) प्रदेश सरकारले तोकेको मापदण्ड अनुसार स्थापित निजी क्षेत्रका फार्मलाई पनि पशुश्रोत केन्द्र तोक्न सक्नेछ ।

(३) पशुपालन व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले प्रचलित कानून बमोजिम व्यवसाय दर्ता गर्नका लागि तोकिएको निकायबाट सिफारिस लिनु पर्नेछ ।

(४) प्रदेश सरकारले उच्च प्रजननमान भएका उन्नत नश्लका पशुको उत्पादन गर्न कृत्रिम गर्भाधान सेवालाई प्रविधियुक्त तथा विस्तार गर्न जमेको विर्य व्यवस्थापन तथा परीक्षण प्रयोगशाला, तरल नाईट्रोजन उत्पादन प्लान्ट जस्ता आवश्यक श्रोत साधनको व्यवस्थापन गर्न सक्नेछ ।

२९. **<u>व्यवसायिक पशुपालन</u>** : व्यवसायिक स्तरमा पशु पालन गर्न चाहने व्यक्तिले असल पशु पालन अभ्यासको लागि गोठ वा खोर वा माछा पोखरी निर्माण गर्दा सो को लागि आवश्यक ढाँचा र नमूना वैज्ञानिक पद्धतिसंग मेल खाने गरी तयार गर्नु पर्नेछ ।

३०. **<u>पशु ढुवानी</u>** : पशु पालन वा अन्य प्रयोजनका लागि पशु ढुवानी गर्दा संघीय कानूनमा व्यवस्था भएको हकमा सोही बमोजिम र नभएको हकमा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

३१. **<u>पशुधन सुरक्षण सम्बन्धी व्यवस्था तथा प्रवर्द्धन</u>** : पशुधन सुरक्षण व्यवस्था संघीय कानुनले तोके वमोजिम र थप प्रवर्द्धनका लागि प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

३२. **<u>पशु कल्याण सम्बन्धी व्यवस्था</u>** : (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पशु प्रति हुने निर्दयी व्यवहार रोक्नको लागि एउटा पशु कल्याण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३३. **<u>जैविक सुरक्षा सम्बन्धी व्यवस्था</u>** : (१) पशुपालन व्यवसाय सञ्चालन गर्दा जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जैविक सुरक्षाको मापदण्ड तोकिए अनुसार हुनेछ ।

३४. **<u>छाडा चौपाया छोड्न नहुने</u>** : (१) कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको कुनै पनि चौपाया सार्वजनिक स्थलमा छाडा छोड्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम छाडा चौपायाको व्यवस्थापन स्थानीय तहले गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरी सहयोग तथा सहकार्य गर्न सक्नेछ ।

३५. **पशु दाना पदार्थ सम्बन्धी व्यवस्था** : (१) प्रदेश सरकारले संघीय सरकारको दाना पदार्थ ऐन को प्रयोजनका लागि दाना निरीक्षक नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) दाना पदार्थको उत्पादन, बिक्री वितरण वा सञ्चय गर्दा संघीय सरकारको दाना पदार्थ ऐन बमोजिमको स्तर कायम गरे नगरेको समेतका विषयमा दाना निरीक्षकले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) प्रदेश सरकारको दाना पदार्थ सम्बन्धी अन्य व्यवस्था संघीय सरकारको दाना पदार्थ ऐन बमोजिम हुनेछ ।

## परिच्छेद -६
## दण्ड सजाय

३६. **दण्ड सजाय** : (१) दफा ६ को उल्लङ्घन गरी इजाजत बिना पशु वधशाला स्थापना गर्ने व्यक्तिलाई पचास हजार देखि एकलाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) दफा ३३ बमोजिम पशुपालन व्यवसाय सञ्चालन गर्दा जैविक सुरक्षाका उपाय अवलम्बन नगर्ने व्यक्तिलाई पन्ध्र हजार रुपैयाँ जरिवाना हुनेछ ।

(३) दफा ३४ बमोजिम कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको कुनै पनि चौपाया सार्वजनिक स्थलमा छाडा छोडेको पाइएमा निजलाई प्रथम पटक दश हजार, दोस्रो पटक बीस हजार र त्यसपछि पचास हजार रुपैयाँ जरिवाना हुनेछ ।

(४) उपदफा (१), (२) र (३) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

३७. **मुद्दाको तहकिकात र दायरी** : (१) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात पशु जाँच केन्द्र प्रमुखले तोकेको प्राविधिक कर्मचारीले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा मुद्दाको तहकिकात गर्ने कर्मचारीले सरकारी वकीलसँग राय सल्लाह लिन सक्नेछ ।

३८. **मुद्दा हेर्ने अधिकारी** : (१) दफा ३६ को उपदफा (१) र (३) अन्तर्गतको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस ऐन अन्तर्गतको मुद्दा हेर्ने अधिकार कार्यालय प्रमुखलाई हुनेछ ।

३९. **सरकार वादी हुने** : यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ ।

४०. **पुनरावेदन** : दफा ३८ बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद -७
## विविध

४१. **पशुको बीमा गर्नु पर्ने** : पशुको प्रचलित कानून बमोजिम दर्ता भएका बीमा कम्पनी र सहकारी मार्फत अनिवार्य बीमा गर्नु पर्नेछ ।

४२. **अधिकार प्रत्यायोजन** : यस ऐन बमोजिम कार्यालय प्रमुख वा पशु तथ्याङ्क संकलन तथा अनुगमन अधिकृत वा भेटेरिनरी निरीक्षकलाई प्राप्त अधिकार मध्ये मुद्दा हेर्ने र आदेश गर्ने अधिकार बाहेक अन्य अधिकार आवश्यकता अनुसार निजले आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४३. **जाँचबुझ गर्न सक्ने** : (१) कार्यालय प्रमुखले कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा संक्रामक रोक लागेको छ भन्ने शंका लागेमा त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री रहेको जुनसुकै स्थानमा प्रवेश गरी जाँचबुझ गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको जाँचबुझ गर्दा दफा १६ बमोजिम प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका रोगहरु लागेको पाइएमा कार्यालय प्रमुखले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई हटाउन वा नष्ट गर्न गराउन आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित धनीले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नहटाएमा वा नष्ट नगरेमा कार्यालय प्रमुखले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउँदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित धनीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

४४. **बाधा पुऱ्याएको नमानिने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रशोधित पशुजन्य पदार्थमा संक्रामक रोग लागेको आशंका भएमा त्यस्तो प्रशोधित पशुजन्य पदार्थलाई पशु तथ्याङ्क संकलन तथा अनुगमन केन्द्रमा राखी परीक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

४५. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएका विषयमा यस ऐन बमोजिम र अन्यको हकमा प्रचलित संघीय वा प्रादेशिक कानून बमोजिम हुनेछ ।

४६. **नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

प्रदेश सभाको सम्बत् २०७८ साल असोज १२ गते मंगलबारका दिन बसेको आठौं अधिवेशनको २६औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

............................
माननीय अर्जुन बहादुर थापा
सभामुख
सुदूरपश्चिम प्रदेश
मिति २०७८।०८।१७

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।
मिति :-

..........................
माननीय देवराज जोशी
प्रदेश प्रमुख